# शिवराज राजपत्र

## शिवराज नगरपालिकाद्वारा प्रकाशित

खण्डः ६ संख्याः १२ मितिः २०७९।०९।१७

## भाग–२

**शिवराज नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## शिवराज नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्वन्धि कार्यविधि (पहिलो संसोधन),२०७९

**घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्वन्धी कार्यविधि, २०७५ लाई संशोधन गर्न बाञ्छनीय भएकोले नगर कार्यपालिकाबाट देहाय अनुसार संसोधन गरिएको छ ।**

| दफा/उपदफा/अनुसुची | साविक व्यवस्था | अब कायम भएको व्यवस्था | संसोधन/थप/खारेज |
|---|---|---|---|
| दफा २ को उपदफा (४) | उपदफा (२) बमोजिम समितिको सिफारि सहित न्युनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म/कम्पनीहरुको इजाजतपत्र कार्यपालिकाको निर्णय बमोजिम नगरपालिकाको प्रमूख प्रशासकीय अधिकृतले इजाजतपत्र बापत अनुसूची-२ बमोजिमको दस्तुर | उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्युनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म/कम्पनीहरुको इजाजतपत्र कार्यपालिकाको निर्णय बमोजिम नगरपालिकाको प्रमूख प्रशासकीय अधिकृतले इजाजतपत्र बापत आर्थिक ऐनमा व्यवस्था भए बमोजिमको | संसोधन |

| | | | |
|---|---|---|---|
| | लिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ । | दस्तुर लिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ । | |
| दफा ३ को उपदफा (२) | उपदफा(१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माणले व्यवसायी इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ,प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त कर चुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित सम्वन्धित नगरपालिकाबाट अनुसूची-२ बमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ ।इजाजत पत्र नविकरण गर्न नगरपालिकामा कागजात पेश गर्दा अनुसूची-४ बमोजिमको पास वुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अध्यावधिक विवरण समेत पेश गर्नु पर्ने छ ।यसरी अनुसूची-४ बमोजिमको पास वुक विवरण अध्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नविकरण गर्न नगरपालिका बाध्य हुने छैन । | उपदफा(१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ,प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त कर चुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित सम्वन्धित नगरपालिकाबाट आर्थिक ऐनमा व्यवस्था भए बमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ ।इजाजत पत्र नविकरण गर्न नगरपालिकामा कागजात पेश गर्दा अनुसूची-४ बमोजिमको पास वुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अध्यावधिक विवरण समेत पेश गर्नु पर्ने छ ।यसरी अनुसूची-४ बमोजिमको पास वुक विवरण अध्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नविकरण गर्न नगरपालिका बाध्य हुने छैन । | संसोधन |
| दफा ३ को उपदफा (३) | उपदफा(२) बमोजिमको म्याद नाघेको छ महिना भित्र सबै प्रकृया पुरा इजाजतपत्र गरी नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा अनुसूची-२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरीदिनेछ । | उपदफा(२) बमोजिमको म्याद नाघेको ६ महिना भित्र सबै प्रकृया पुरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले निवेदन गरेमा आर्थिक ऐनमा व्यवस्था भए बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरीदिन सक्नेछ । | संसोधन |
| दफा ४ को उपदफा | उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएको | उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएमा नगरपालिकाले | संसोधन |

| | | | |
|---|---|---|---|
| (४) | नगरपालिकाले त्यसको जानकारी सम्वन्धित फर्मवा व्यक्ती वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ । | त्यसको जानकारी सम्वन्धित फर्म वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ । | |
| दफा ५ | इजाजतपत्रको प्रतिलिपी दिने व्यवस्था :<br>कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपी पाउन निवेदन गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी दिनु पर्नेछ । | इजाजतपत्रको प्रतिलिपी दिने व्यवस्था :<br>कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपी पाउन निवेदन गरेमा आर्थिक ऐनमा व्यवस्था भए बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी दिनु पर्नेछ । | संसोधन |
| | | दफा ६ :<br>इजाजतपत्रको ठाउँसारी सम्वन्धि व्यवस्था :<br>(१) कुनै निर्माण व्यवसायी/फर्मले यस कार्यविधि बमोजिम प्राप्त इजाजतपत्र अन्यत्र कुनै पालिकामा ठाउँसारी गरी लैजान चाहेमा प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन गर्नुपर्नेछ ।<br>(२) उपदफा)१( बमोजिम पेश हुन आएका दरखास्त उपर प्रमुख प्रशासकीय अधिकृतले जाँचबुझ र छानबिन गरी आर्थिक ऐनमा व्यवस्था भए बमोजिमको दस्तुर लिई ठाउँसारी गर्न सक्नेछ ।<br>(३) अन्य कुनै पालिकाबाट प्राप्त घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र यस पालिकामा ठाउँसारीको लागी रित पुर्याई आएमा प्रमुख प्रशासकीय अधिकृतले अनुसूचीबमोजिमको ५-/योग्यता भएनभएको सम्वन्धमा सिभिल ईन्जिनीयर/सव इन्जिनीयर सहित सदस्य भएको समितिबाट जाँचबुझ गराई आर्थिक ऐनमा व्यवस्था भए बमोजिमको दस्तुर लिई ठाउँ सारी गरी साविक इजाजतपत्र खिची नयाँ इजाजतपत्र | थप<br>(साविक दफा ६ लाई दफा ८ बनाई दफा ६ मा ठाउँसारी सम्वन्धि व्यवस्था राखिएको ।) |

| | | | |
|---|---|---|---|
| | | जारी गर्न सक्नेछ ।<br>(४) उपदफा )३( बमोजिम ठाउँसारी भइजारी भएका इजाजतपत्र सम्वन्धि अन्य व्यवस्था यसै कार्यविधि बमोजिम हुनेछ । | |
| | | दफा ७:<br>इजाजतपत्रको नामसारी सम्वन्धि व्यवस्था :<br>(१) कुनै निर्माण व्यवसायी/फर्मले यस कार्यविधि बमोजिम प्राप्त इजाजतपत्र एकाघरको परिवार वा अरु कसैलाई नामसारी गरी दिन/लिन रित पुर्याई आएमा प्रमुख प्रशासकीय अधिकृतले औचित्यता हेरी आर्थिक ऐनमा व्यवस्था भए बमोजिमको दस्तुर लिई नामसारी गरि दिन सक्नेछ । तर त्यसरी नामसारी गर्दा नामसारी भई जाने व्यक्ती/फर्म सँग कार्यविधिको अनुसूचीबमोजिम घ वर्गको ५- निर्माण व्यवसायीको लागी आवश्यक योग्यता पुगेको हुनु पर्नेछ । | थप<br>(साविक दफा ७ लाई दफा ९ बनाई दफा ७ मा नामसारी सम्वन्धि व्यवस्था राखिएको ।) |
| | | दफा ८:<br>प्रचलित कानून बमोजिम हुने :<br>यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ । | साविक दफा ६ लाई दफा ८ बनाईएको । |
| | | दफा ९:<br>बचाउ :<br>यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्वन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ । | साविक दफा ७ लाई दफा ९ बनाईएको । |
| अनुसूची-२ | कार्यविधि बमोजिम प्रदान गरिने ईजाजतपत्रको , इजाजतपत्र जारी, | अनुसूची-२<br>कार्यविधि बमोजिम प्रदान गरिने ईजाजत | अनुसूची-२ मा साविकमा |

| | | | |
|---|---|---|---|
| | नवीकरण, नवीकरण थप र प्रतिलिपी दस्तुरको व्यवस्था रहेको । | पत्रमा नया इजाजतपत्र जारि, नवीकरण , प्रतिलिपी, ठाउँसारी र नामसारी लगायतको दस्तुर आर्थिक ऐनमा व्यवस्था भए अनुसार हुनेछ । | भएको सवै व्यवस्था खारेज गरी नयाँ व्यवस्था राखिएको । |
| अनुसूची-५ | ३ को (ग) : त्जभयमयष्तिभरीभखभ्ा :बअजष्लभ (एक सेट<br>द्रष्टव्य :<br>१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।<br>४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धिदर्तातथा नयहुने प्रयोजनको लागि मान्य हुने छैन । | ३ को (ग) : Theodolite/Level Machine (एक सेट)<br>द्रष्टव्य :<br>१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेका कागजातहरु पेश गर्नु पर्नेछ ।<br>४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन । | संसोधन |

प्रमाणिकरण मिति : २०७९।०४।१८ गते

**आज्ञाले**
**गणेश प्रसाद अर्याल**
**प्रमुख प्रशासकीय अधिकृत**